## प्रस्ताव एवं निर्णयहरुः

२०७८।०७९-०४।०१ आर्थिक बर्ष २०७८।०७९ को कृषि तथा पशु सेवा तर्फका कार्यक्रम कार्यान्यन निर्देशिका प्रथम संशोधन, २०७८ सम्बन्धमा।

२०७८।०७९-०४।०२ आव २०७८।०७९ को साउन देखी असोज मसान्तसम्मको खर्चको फाँटवारी सम्बन्धमा ।

२०७८।०७९-०४।०३ शैक्षिक प्रोफाइल निर्माण तथा शैक्षिक योजना निर्माण कार्यदल सम्बन्धमा ।

२०७८।०७९-०४।०४ शिक्षक दरबन्दी मिलान सम्बन्धमा ।

२०७८।०७९-०४।०५ बेमौसमी मनसुनजन्य विपद्का कारण वालीनालीमा भएको क्षतिपुर्ती सम्बन्धमा।

२०७८।०७९-०४।०६ रूपा ३ मागाउँघर क्लिनिक पोल्याङ्ग भवन निर्माण साझेदारी सम्बन्धमा।

२०७८।०७९-०४।०७ आलूको विउमा अनुदान वितरण सम्बन्धमा।

२०७८।०७९-०४।०८ खर्च अनुमोदन सम्बन्धमा।

२०७८।०७९-०४।०९ विविध सम्बन्धमा।

## निर्णयहरुः

### कार्यपालिका निर्णय नं २०७८।०७९-०४।०१

प्रस्ताव नं २०७८।०७९-०४।०१ माथि छलफल गर्दा आर्थिक बर्ष २०७८।०७९ को कृषि तथा पशु सेवा तर्फका कार्यक्रम कार्यान्यन निर्देशिका प्रथम संशोधन, २०७८ कार्यविधि संशोधन गर्ने ।

### कार्यपालिका निर्णय नं २०७८।०७९-०४।०२

प्रस्ताव नं २०७८।०७९-०४।०२ माथी छलफल गर्दा आव २०७८।०७९ को साउन १ गतेदेखी २०७८ असोज मसान्तसम्मको खर्चको फाँटवारी उपर छलफल गरी हालसम्मको निम्नानुसारको खर्च अनुमोदन गर्ने निर्णय गरियो।

| क्र स | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की कटाई बाँकी खर्च | बजेट बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| कुल जम्मा | ५३,५६,१२,३१३.१० | ६,२०,३८,५१८.१० | ५२,७४,५३०.७६ | ५,६७,६३,९८७.३४ | ६,२०,३८,५१८.१० | ० | ६,२०,३८,५१८.१० | ४७,३५,७३,७९५ |

### कार्यपालिका निर्णय नं २०७८।०७९-०४।०३

प्रस्ताव नं २०७८।०७९-०४।०३ माथी छलफल गर्दा गाउँसभाबाट स्विकृत बजेट ३ लाखबाट रूपाको शैक्षिक प्रोफाइल तथा शैक्षिक योजना निर्माण गर्न तपशिल बमोजिमको कार्यदल निर्माण गर्ने निर्णय गरियो ।

तपशिलः

संयोजक श्री राधाकृष्ण लामिछाने

सदस्य श्री रमेश खड्का

सदस्य सचिव शिक्षा शाखा प्रमुख

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०७८।०७९-०४।०५**

प्रस्ताव नं २०७८।०७९-०४।०५ माथी छलफल गर्दा २०७८ असोज कार्तिक महिना परेको अविरल बर्षातका कारण कृषिजन्य उत्पादनमा भएको क्षतिको विवरण संकलन गरी आगामी कार्यपालिका बैठकमा पेश गराउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-०४।०६**

प्रस्ताव नं २०७८।०७९-०४।०६ माथी छलफल गर्दा रूपा गाउँपालिका ३ पोल्याङ्गमा गाउँघर क्लिनिक पोल्याङ्ग भवन निर्माणको प्राविधिक लागत अनुमान अनुसार रु २८ लाख ५५ हजार ८ सय ९ को पक्की भवन निर्माणको लागी जिल्ला समन्वय समितिको कार्यालय कास्कीबाट रु १५ लाख, गाउँपालिकाको तर्फबाट रु १० लाख बाँकी रकम सम्बन्धित उपभोक्ता समितिबाटै व्यहोर्ने गरी लागत साझेदारीमा भवन निर्माण कार्य तत्काल अगाडी बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-०४।०७**

प्रस्ताव नं २०७८।०७९-०४।०७ माथी छलफल गर्दा रूपाकोट ६ मा रहेको चिस्यान केन्द्रमा नियमित विद्युत आपुर्ति हुन नसकेको कारण आलुको विउ कुहिएकोले सम्बन्धित ४० चालिस जना किसानहरुलाइ रूपाकोट साना किसान सहकारी संस्थाको सिफारिसको आधारमा २०७८।०७९ को बार्षिक कार्यक्रमअनुसार स्विकृत बजेटको परिधिमा रहेर अनुदान वितरणको लागी विस्तृत विवरण आगामी कार्यपालिका बैठकमा पेश गराउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-०४।०८**

प्रस्ताव नं २०७८।०७९-०४।०८ माथी छलफल गर्दा कार्यपालिकाको निर्णय नं २०७८।०७९-०१।०१ अनुसार वितरण भएको पोषणजन्य सामाग्री वितरण वापतको निम्नानुसार खर्च अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

निम्न:

| क स | विवरण | परिमाण | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | चालम २५ किलो | ९५ बोरा | ५२००० | |
| २ | जिरा मसिनो चामल २५ किलो | २१० बोरा | ३६००० | |
| ३ | नून | १२ किलो | १२०० | |
| ४ | अण्डा १२ पिस | ३०५ प्याकेट | ५४९०० | |
| ५ | रातो दाल | ९१५ किलो | ३७२५० | |
| ६ | चना | ६१० किलो | ६१००० | |



रूपा गाउँपालिका कास्की

| | | | | |
|---|---|---|---|---|
| ७ | सनफ्लावर तेल | ६१ कार्टुन | २९५५७ | |
| | कुल जम्मा | | ८९९७४९।७४ | |

**कार्यपालिका निर्णय नं २०७८।०७९-०४।०९**

प्रस्ताव नं २०७८।०७९-०४।०९ माथी छलफल गर्दा बैठक समापन गर्ने ।

मिति २०७८ साल कार्तिक ११ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

मिति:

रुपा गाउँपालिका का